# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३१९/२०७२/०७३

निर्णय नं.६२

बाके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वार्ड नं.-८ बस्ने अधिवक्ता विश्वजीत तिवारी ...१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, कटकुइया गा.वि.स.को कार्यालय, बाँके ...............................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वार्ड नं.-८ बस्ने अधिवक्ता विश्वजीत तिवारीले कटकुइया गा.वि.स.को कार्यालय, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।२३ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी कटकुइया गा.वि.स.को कार्यालय, बाँकेका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. बाँकेमा बधौडा, सोनारी विद्युतीकरणको शुरुवात कहिले भएको र सो को लागि यस गा.वि.स.बाट के कति रकम दिएको छ सो को पूर्ण विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २८ गते रोज २ शुभम् ।